लुम्बिनी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका ( देउखुरी) दाङ, नेपाल

लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा तथा सामाजिक विकास निर्देशनालय राप्ती उपत्यका। देउखुरी। नेपाल

प.सं :- २०७८/७९

च.नं :-

प्रथम पटक सूचना प्रकाशित मिति : २०७९।१२।१४

श्री लुम्विनी प्रदेश भित्र सञ्चालित सामुदायिक क्याम्पसहरु सवै

विषय: उच्च शिक्षा छात्रवृत्ति सम्बन्धी सूचना।

प्रस्तुत विषयमा आ.व. २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रम अनुसार यस लुम्बिनि प्रदेश अन्तर्गतका सामुदायिक क्याम्पसहरुमा स्नातक तथा स्नात्तकोत्तर तहमा अध्ययनरत विद्यार्थीका लागि देहाय बमोजिम विपन्न लक्षित छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम रहेकोले सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र सम्बन्धित सामुदायिक क्याम्पसहरुले छात्रवृत्ति प्राप्त गर्ने आवश्यक आधार र प्रमाण खुल्ने कागजातहरु सहित विद्यार्थीहरुको निवेदन माग गरी प्राप्त निवेदन र अन्य आबश्यक कागजात सहित देहायका मध्ये कुन प्रकारको छात्रवृत्ति प्राप्त गर्ने हो यकिन गरी रुजु एवं प्रमाणित गरी एक मुष्ट विवरण सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा आइपुग्ने गरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। एकमुष्ट विवरण प्राप्त भए पश्चात छात्रवृत्तिको वितरण प्रक्रिया उच्च शिक्षामा विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन निर्देशिका,२०७६ (तेस्रो संशोधन २०७९ समेत) बमोजिम हुनेछ।

## सामुदायिक क्याम्पसमा उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरुलाई उपलब्ध हुने छात्रवृत्ति विवरण

(क) दलित विद्यार्थी छात्रवृत्ति

(ख) जनजाति विद्यार्थी छात्रवृत्ति

(ग) महिला विद्यार्थी छात्रवृत्ति

(घ) अपाङ्ग विद्यार्थी छात्रवृत्ति

(ङ) द्वन्द पीडित विद्यार्थी छात्रवृत्ति

(च) वेपत्ता पारिएका व्यक्ति तथा सहिद परिवार तथा घाइते वा निजको सन्तति छात्रवृत्ति

(छ) अल्पसङ्ख्यक विद्यार्थी छात्रवृत्ति

(ज) मधेशी विद्यार्थी छात्रवृत्ति

## छात्रवृत्ति प्राप्त गर्ने आधार तथा पेश गर्नुपर्ने कागजातहरु

१. विद्यार्थीको निवेदन पत्र

२. दलित छात्रवृत्तिका लागि राष्ट्रिय दलित आयोगमा सूचिकृत भएको हुनुपर्ने।

३. जनजाति छात्रवृत्तिको लागि जनजातिको सूचिमा सूचिकृत जनजाति हुनुपर्नेछ।

४. अपाङ्ग छात्रवृत्तिका लागि क, ख, ग, घ श्रेणीको अपाङ्ग परिचयपत्रको प्रतिलिपि।

५. द्वन्द पीडित र वेपत्ता पारिएका व्यक्ति तथा सहिद परिवार तथा घाइते वा निजको सन्तति छात्रवृत्तिको लागि द्वन्द्वको अवधिमा द्वन्द्वका कारणबाट मृत्यु भएका तथा द्वन्द्वको क्रममा पचास प्रतिशत भन्दा बढी अपाङ्ग, अङ्ग भङ्ग भएका वा घाइते वा वेपत्ता भएका व्यक्तिहरुको शान्ति तथा पुनर्निर्माण मन्त्रालयद्वारा निर्धारण गरिएका व्यक्तिका सन्तति हुनुपर्नेछ। द्वन्द्व पीडित छात्रवृत्तिका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी भएको द्वन्द्व प्रभावित भएको प्रमाणपत्रको प्रतिलिपि।

६. सहिदका छोराछोरीको लागि नेपाल सरकारबाट सहिद घोषणा गरिएका व्यक्तिका सन्तति हुनुपर्ने।

७. अल्पसंख्यक छात्रवृत्तिका लागि नेपाल सरकारको अल्पसंख्यक जातिको सूचिमा सूचिकृत भएका जातजातिका सन्तान।

नि. निर्देशक

८.  मधेशी विद्यार्थी छात्रवृत्तिका लागि मधेशी प्रमाणित भएको प्रमाण पेश  गर्नुपर्ने ।

९.  क्याम्पसमा भर्ना भई नियमित रुपमा अध्ययनरत रहेको र ७० प्रतिशत भन्दा बढी हाजिरी भएको सम्वन्धित क्याम्पसको सिफारिस

१०. अन्य कुनै निकायवाट छात्रवृत्ति नपाएको व्यहोराको सम्बन्धित क्याम्पसको सिफारिस पत्र

११. उमेरको हद ३० वर्ष ननाघेको हुनुपर्ने ।

१२. विद्यार्थीको खाता रहेको बैंकको नाम, ठेगाना र खाता नम्वर  (बैंकको चेकको फोटोकपी)

यम बहादुर के.सी.

नि. निर्देशक

**नि. निर्देशक**

**बोधार्थः**

**श्री सामाजिक विकास डिभिजन कार्यालयहरु  सबैः** सम्बन्धित जिल्ला अन्तर्गतका सामुदायिक क्याम्पसहरुलाई सूचना प्रवाह गरि कार्यान्वयन गर्नु हुन तथा एक मुष्ट विवरण प्रमाणित गरि विद्युतीय Excel प्रति समेत यस निर्देशनालयमा पठाइदिनुहुन ।

**सम्पर्कः**

१. श्री सामाजिक विकास डिभिजन कार्यालय बाँके, (बाँके र बर्दिया) - सम्पर्क नं ९८५८०८०२८१

२. श्री सामाजिक विकास डिभिजन कार्यालय दाँङ, (दाङ र रुकुम पूर्व) - सम्पर्क नं ९८५७८२५२४६

३. श्री सामाजिक विकास डिभिजन कार्यालय प्यूठान, (प्यूठान र रोल्पा) -सम्पर्क नं ९८५७८६०१४३

४. श्री सामाजिक विकास डिभिजन कार्यालय कपिलवस्तु, (कपिलस्तु र अर्घाखाँची) - सम्पर्क नं ९८५७०५००१३

५. श्री सामाजिक विकास डिभिजन कार्यालय पाल्पा, तानसेन, (पाल्पा र गुल्मी) - सम्पर्क नं ९८५७०७७६२०

६. श्री सामाजिक विकास डिभिजन कार्यालय रुपन्देही, भैरहवा, (रुपन्देही र नवलपरासी पश्चिम) - सम्पर्क नं ९८५७०१७१८४